स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्र्दशन २०७४ को

अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक बर्ष २०७५/०७६ को

# नीति, कार्यक्रम तथा बजेट

आदर्श गाउँपालिका

डोटी जिल्ला

प्रदेश न.७

२०७५

तेस्रो गाउँ सभा उदघाटन शत्रका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री टेक बहादुर रोकाया ज्यू

प्रमुख अतिथि

बिशिष्ट अतिथि ............................ ज्यू

बिशिष्ट अतिथि ............................ज्यू

लगायत उपस्थित सम्पूर्ण महानुभावज्युहरु

हाम्रो देश नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात नयां संबिधान निर्माण भई सविधानको धारा ५६मा संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यबस्था गरिएको छ र सोही अनुरुप बिगतको बिस वर्ष पछि स्थानिय तहको निर्वाचन सम्पन्न भई गाउँको निर्वाचत गाउँपालिकाको उपाध्यक्षको हैसियतले तपाईहरु समक्ष तेश्रो गाउँ सभामा यस आदर्श गाउँपालिकाको नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा खुसी लागेको छ र उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अमूल्य समय प्रदान गरी गाउँ सभाको गरीमा बढाई दिनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु ।

यस तेश्रो गाउँ सभामा आदर्श गाउँपालिकाको उपाध्यक्षको हैसियतले **आगामी आ.व.२०७५।०७६** को अनुमानित आय ,व्यय तथा योजना एवं कार्यक्रमहरु सम्बन्धी नीतिहरु सहित संक्षिप्त बिनियोजनको खाका प्रस्तुत गर्न पाउदा आफुलाई गौरवशाली सम्झेको छु । यस महत्वपूर्ण घडीमा सर्वप्रथम तत्कालिन वडा नं २ का वडा अध्यक्ष स्व. प्रेम बहादुर बोहरा तथा राष्ट्रको निम्ती आफ्नो ज्यानको आहुती दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

## खण्ड एकः परिचय र समीक्षा

**१.१. पृष्ठभूमीः** संघीय संरचना अनुसार ७ नं प्रदेश अन्तर्गत रहेको डोटी जिल्लाको सदरमुकाम सिलगढी बाट ३३ कि.मी. टाढा रहेको आदर्श गाउँपालिकाको पूर्वमा दि.सि.न.पा.,पश्चिममा शिखर न.पा. र डडेल्धुरा,उत्तरमा सायल गाउँपालिका र दक्षिणमा शिखर न.पा.रहेको छ । यस आदर्श गाउँपालिकाको कुल क्षेत्रफल १२२ वर्ग कि.मी. र जनसंख्या २३९४५ रहेको छ । यस गाउँपालिकाका प्रशिद्ध देमिण्डौको देहिजात,गिरिचौकाको तेडी मन्दिरको जात,बाझककानको पाइल जात,काँडीको दशै र बाझको भुवा पर्व विशेष पर्वको रुपमा मनाइने गरिन्छ ।

आदरणीयसभाध्यक्षज्यु

बिगतका दिनको स्थानीय निकाय हाल आएर स्थानीय सरकारको हैसियतमा रहेको छ,स्थानीय स्वायत्त शासन ऐन २०५५ ले निर्देशित गरेको स्थानीय निकाय सहित उक्त निकाय र ऐन समेत खारेज भई हाल स्थानीय तह एबं स्थानीय सरकारका रुपमा स्थापित भई बिधायकी अधिकार समेत हामीले पाएका छौ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ संघीय संसदबाट जारी भई स्थानीय सरकार उक्त ऐनबाट निर्देशित भएको यहांहरु सबैलाई बिदितै छ । स्थानीय तहमा १६ बर्षको लामो अन्तराल पछि हामी जनप्रतिनिधीहरु आएका छौं, हामीहरु सबैले बर्तमान परिबर्तित सन्दर्भमा स्थानीय सरकार

सञ्चालन गर्ने बिकासप्रेमी, जनप्रेमी, जनप्रतिनिधीको हैसियत स्थापना गर्नु त्यति सहज छैन, हाम्रो क्षमता बिकास गर्नु पनि जरुरी रहेको छ ।

हामी सिमित साधन स्रोतबाट जनताका असिमित आबस्यकता पुरा गर्नु पर्ने अबस्थामा छौं, कतिपय सूविधाको हिसाबले र कतिपय वेरोजगारीका कारणले गाउबाट दिनानुदिन तराई तथा अन्य शहरहरुमा पलायन हुनु यूवाहरु दिनहु बिदेशिने बिषय हाम्रो लागि चुनौति रहेको छ, जनताको लगानी एबं निजी क्षेत्रको लगानी हाम्रो गाउँपालिकामा अत्यन्त न्यून रहेको छ जसकाकारण स्थानीय सरकारको एक्लो प्रयासले गरिने बिकास बालुवामा पानी जस्तो भईरहेको हाम्रा सामु छर्लङ्ग रहेको छ ।

हामीले प्रथम गाउँ सभाबाट प्रत्येक वडामा एक करोड सात लाखका दरले वडा स्तरीय बजेट बिनियोजन गरेका थियौ, उक्त रकमबाट हामीले वडाको भौतिक पूर्बाधार र मानबिय बिकास लगायत प्राथमिकता क्रममा रहेको क्षमता बिकास सम्बन्धी क्रियाकलाप र गरिबी घटाई रोजगारी सृजना गर्ने खालका क्रियाकलाप समेत सञ्चालन गर्नु पर्ने अबस्था रहेको छ भने आयोजनाको गुणस्तरका लागि पनि हामीले ध्यान दिनु पर्ने अबस्था रहेको छ । सबै वडाहरुमा आयोजना तथा कार्यक्रमहरु समान रुपले अगाडि बढ्न सकेका छैनन् हाम्रो जवाफदेहिता पूरा गर्न वडा समिति गतिशिल रहेको छ भन्ने मैल बुझेको छु ।

प्रथम गाउँ सभाबाट बिभिन्न छ ओटा बिषय क्षेत्र पूर्बाधार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, वाताबरण र बिपत ब्यबस्थापन, विधेयक र सार्वजनिक सेवा तथा क्षमता विकास सहित अन्य गरी छ ओटा नीतिहरु पनि पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पुरा गरिने र कुनै नीति आबधिक हिसाबले कार्यान्वयन गर्ने अबस्थामा हामी छौं, नीतिहरु हाम्रा मार्ग दर्शन हुन र यस तेश्रो गाउँ सभाले पनि केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नौला समेत ल्याउने प्रयास गरेको छ । सबै नीतिलाई कार्यक्रम र बजेट संग समन्वयात्मक किसिमले लैजानका लागि समेत म यस गौरवमय सभाका सभासदहरुलाई आग्रह गर्न चाहान्छु ।

हामीले सहभागीतात्मक गाउँ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजना हरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०७५।०७६ को नीति कार्यक्रम र गाउँ विकास योजना तर्जुमा गरीएको प्रस्तुत वजेट निति तथा कार्यक्रमले यस गाउँपालिकाको विकास ,उन्नति र प्रगतिका लागी आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

## १.२. चालु आ.ब.२०७४।०७५ को नीति तथा कार्यक्रमको समीक्षा

मिति २०७४ भाद्र ३१ गतेका दिन आयोजित यस गाउँपालिकाको प्रथम गाउँसभाले चालु आ.ब.२०७४।०७५ को अनुमानित आय ब्यय बिवरण, योजना तथा कार्यक्रमहरु सहित गाउँ बिकासका नीतिहरु पारित गरेको थियो । प्रथम गाउ सभा पछिको करिब दश महिनाको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं,

यस गाउँपालीकामा रहेका सात ओटा वडाका करिब २५ हजार नागरिकलाई बिकास र सुशासन दिनु र बिकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । चालु आ.ब.मा वडास्तरमा गरिएको एक करोड सात लाखका दरको रकमको बिनियोजनले वडा स्तरमा भौतिक तथा मानबीय बिकासमा

कस्तो प्रभाव पारेको छ सो बिषयमा पूर्ण समीक्षा हामीले निकट भबिष्यमा गर्ने छौं , सो रकम सहित प्रथम गाउँ सभाले बिकास कार्यका लागि करिव **१५ करोड** रकम बराबर हामीले बिनियोजन गरेका थियौं सो को समीक्षा यहांहरुले गर्नु भएकै होला हामी कति सफल छौं जनताले मूल्यांकन गर्नेछन ।क्षेत्रगत आधारमा गरिएको समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

**(क) आर्थिक बिकासः** गाउँका बासिन्दाको गरिबी न्यूनिकरण गर्नु हाम्रो ठूलो चुनौति रहदा रहदै पनि हामीले जनताको जीवनस्तर उठाउनका लागि प्रधानमंत्री कृषि आधुनिकीकरण परियोजनको निरन्तरता स्वरुप तरकारी(चाँसी), मकै(गरिचौका) भटमास काँडी गरी ३ स्थानमा पकेट क्षेत्र बनाई त्यहांका किसानलाई आत्मनिर्भर बनाउन प्रयास गरेका छौं,पशुपालनको माध्यमबाट गाउँका बासिन्दालाई रोगगार प्रदान गर्न गाउँका धेरै स्थानमा पशुपालन गर्ने कार्यलाई पाथमिकता दिई भैंसी, बाखा र कुखुरा पालनमा अनुदान दिईएको छ, मासु ब्यबसायीहरुलाई औजार, सरसफाई एबं चिस्यान सामाग्री प्रदान गर्ने र अनुदान दिने कार्य गरिएको छ । युवा रोजगार प्रबर्द्धन गर्न हाउस वाइरिङ तालिम सञ्चालन गरिएको छ ।

**(ख) सामाजिक क्षेत्रः** बिद्यालयको सेवा सुधार गर्न बिद्यालयको अनुगमन सुपरीबेक्षण, एबं सामाजिक सुधार बाल संरक्षण तथा सरसफाई सम्बन्धी तालिम प्रदान गरिएको छ । वडा नं ५, ६ र ७ लाई लक्षित गरी विशेष बहूक्षेत्रीय पोषण योजना,वडा नं १, २ ,३,४ मा पनि बहूक्षेत्रीय पोषण योजना, कार्यक्रम, वडा नं.४ मा पूर्ण सरसफाई कार्यक्रम लागु गरी सामाजिक बिकासको क्षेत्रलाई माथि उठाउने प्रयास गरीएको छ भने वडा नं.१ को चाँसी,वडा नं २ को बाहुनकाँडा वडा नं ३ को ऐली र काँडी वडा नं ५ को तलारा वडा नं ६ को सवखोलामा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र स्थापना गरिएको छ । गाउपालिकालाई पूर्ण खोपयुक्त घोषणा समेत गरिएको छ भने वडा नं.७ र वडा नं १ लाइ संस्थागत पूर्ण प्रसुती वडा घोषणा पनि गरिसकेको छ ।

**(ग) पूर्बाधार बिकास क्षेत्रः**गाउँपालिकाको बिकासमा पुर्बाधार बिकासका लागि सबै वडामा बिनियोजन गरिएको बजेटको ठूलो हिस्सा यसै क्षेत्रमा बिनियोजन गरिएको थियो । गाउँपालिका क्षेत्रका पुर्बाधार अर्न्तगत,गिरिचौकामा तेडी मन्दिर निर्माण, वडा नं ४ मा कनासैनी मन्दिर निर्माण, वडा ४ को गौरेली क्षेत्रमा लाटा देवता मन्दिर निर्माण, भुण मौवा सडक स्तरोन्नती, दहकालिकास्थान–गिरिचौका सडक, स्याउले–काँडी बारकाँडा,सालेचौपाता–भारकोट सडक, ऐली सडक,गौरेली देही सडक,स्वास्थ्य देखि नमोदय आ.वि.सडक निर्माण, लामिखाल–तलारा सडक, गौरेली सडक, नं.५को मष्टा मन्दिर, वडा नं. १ को भैरव मन्दिर, निर्माण भएका छन ।

**(घ) बाताबरण तथा बिपद् ब्यबस्थापनः**बाताबरण संरक्षणमा चालु आ.ब.मा बन बिकास एकाई मार्फत सामुदायिक बन बिकास कार्यक्रम सञ्चालन गाँउपालिका भित्रका सामुदायिक बनमा बृक्षारोपण गरिएको छ । एम्बुलेन्स सेवालाई सञ्चालन गर्ने तयारी गरिएको छ । गाउँपालिका स्तरमा बिपत ब्यबस्थापन समिति गठन भई गैर सरकारी संस्था, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी संग समन्वय बढाउने लक्ष्य भएको जानकारी गराउन चाहान्छौं ।

**(ङ) संस्थागत बिकास, सेवा प्रबाह र सुशासनः**गाउँपालिकाको संस्थागत बिकासको लागि सबै शाखा, एकाई, सहित सबै संग समन्वय बढाइएको छ । स्वास्थ्य सेवालाई सुदृढ गर्न कर्मचारी थप गरिएको छन

। गाउँकार्यपालिका कार्यालयलाई सुशासनमुखि बनाउन कार्यालयमा बिद्युतिय हाजीर र सिसिक्यामेरा जडान गरिएको छ । गाउँकार्यपालिकाबाट गरिने अनुगमन सुपरीबेक्षण कार्यलाई सुदृढ गरिएको छ ।

**च) न्यायिक समिति:** यस गाउँपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ भने न्यायिक समितिमा साँध सिमाना, लेनदेन, घरेलुहिंसा, कुटपिट, जस्ता मुद्दा आएका छन भने आएका सबै मुद्दाको ९० प्रतिशत जति मुद्दाहरु समयमा नै मिलापत्र एबं किनारा हुने समेत जानकारी गर्न चाहान्छु ।

**आदरणीय सभाध्यक्षज्यु**

गाउँपालिकाको विकास सरकारी प्रयासले मात्र सम्भव नहुने कुरा हाम्रा  सामु छर्लङ रहेको छ। बजेट खर्च तथा बजेट उपलब्ध गराउने कुरालाई हेर्दा लाखौ रुपैया सरकारी गैर सरकारी क्षेत्रबाट बिनियोजित एवं खर्च भै नै रहेको छ तथापि यहाको भौतिक आर्थिक तथा मानबीय बिकास को स्थिति अन्यत्रका गाउँपालिकाको तुलनामा कमजोर रहेको देखिन्छ। उपभोक्ता समिति गाउँपालिका क्षेत्रका आयोजनाहरुको निर्माणमा आ-आफ्नो भूमिका निर्वाह गर्दै आएकोमा आयोजनाको गुणस्तरमा समेत ध्यान दिन अनुरोध गर्दछु । आयोजना निमार्ण कार्य पश्चात त्यसको दिगोपनको लागि उपभोक्ता समितिको भूमिका प्रभावकारी हुन नसकेको यर्थाथ हाम्रा सामु बिद्यमान रहेको छ ।गाउँका ठुला आयोजनाहरुको छनौट एवं कार्यान्वन पनि प्रभावकारी नभएको कारण कमजोर गुणस्तरको काम एवं बजेट तथा कार्यक्रम अनुरुप कार्य हुन नसक्दा बिकासले समाजमा सकारात्मक परिवर्तन गरी सर्वसाधारणको जनजीवनमा उल्लेख्य प्रभाव पार्न सकेको छैन ।

गाउँपालिकालाई सभ्य,आर्कषण ,भ्रष्टाचार अनियमिता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित प्रतीनिधी राजनैतीक दल,उपभोक्ता समिति, नागरीक समाज,पत्रकार,महिला,दलित,अपाङ्ग, जनजाती बुद्धीजीबी,शिक्षक,समाजसेवी,कर्मचारी एंव गाउँबासी सबैको कर्तव्य हो। बिगतकाा राम्रा नराम्रा कुराको समीक्षा गदै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यकम ,नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण गाउँसभाले केही लक्षित कार्यकम तथा नितीहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

**खण्ड दुई: गाउँपालीकाले आर्थिक बर्ष २०७५।०७६का लागि तयार गरेको नीति तथा कार्यकमहरु निम्नानुसार रहेको छ ।**

**२.१.१. सोच:** गाउँपालिका क्षेत्रमा कृषि, पशुपालन, पूर्बाधार बिकास, जडिबुटी, र पर्यटकीय क्षेत्रको उचित ब्यबस्थापन एबं बिकास गरी समृद्ध गाउँपालिका बनाउने ।

**२.१.२. लक्ष्य:** सबै कृषि योग्य जमिनको उपयोग गर्ने, पशुपालनलाई ब्यबसायिक बनाउने, पर्यटकीय क्षेत्रको संरक्षण र ब्यबस्थापन गर्ने, समाबेशी बिकासमा जोड दिने, उद्यमशिलताको बिकास गर्ने एबं भौतिक पुर्बाधारको बिकास गरी गरिबी घटाउने ।

**२.१.३. उद्देश्य:** क) गुणस्तरीय दीगो भौतिक पूर्बाधारको बिकास गर्ने ।

ख) बालमैत्री, महिला मैत्री र समाबेशी गाउँको बिकास गर्ने ।

ग) पुर्णसरसफाई युक्त बाताबरण मैत्री गाउँपालिका निर्माण गर्ने

**२.१.४. अपेक्षित उपलब्धी:** गाउपालिकाका बजार क्षेत्रहरु आर्कषक र सुबिधायुक्त हुनेछन् । सबै बस्तिहरुमा बिजुली, खानेपानी सडक सुबिधा पुग्नेछ । बिद्यालय उमेर समुहका सबै बालबालिका बिद्यालयमा रहनेछन्, गाउँपालिकामामा एउटा समाबेशी प्रेमीस्मृती पार्क निर्माण हुनेछ, धार्मीक पर्यटकीय क्षेत्रको संरक्षण हुनेछ, रोजगारीको सृजना भई गरिबी घट्ने छ ।

**२.२. बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

**२.२.१. समग्र नीति तथा आधारहरु**

आदर्श गाउँपालिकाले आगामी नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा लिइएका समग्र नीति तथा कार्यक्रमलाई यस प्रकार प्रस्तुत गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को बार्षिक गाउँ विकास योजना तर्जुमा गर्दा स्थानीयतहले योजना तर्जुमा गर्दा अवलम्वन गर्ने प्रक्रिया पूरा गरी आएका गाउँवासीहरुका मागहरुलाई गाउँपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भब समेटने प्रयत्न गरेका छौ । योजना तर्जुमा गर्दा नेपालको संविधान २०७२ को अनुसुची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसुची ९मा व्यवस्था गरीएका साझा अधिकार, स्थानीय शासन सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था, संघीय सरकार एबं प्रदेश सरकार र राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्ग निर्देशनलाई पुर्णत :पालना गर्दै योजना तर्जुमा गरिएकोछ ।यसका साथै गाउँ विकास योजना निर्माणका लागि वडा समितिहरु, विभिन्न लक्षित समुहहरु राजनैतिक दलहरु, बिषयगत शाखाहरु बिषयगत समितिहरु तथा गैर सरकारी संघ संस्था, नागरीक समाज, बुद्धिजिविवर्ग लगायतबाट प्राप्त सुझाव एंव वडास्तरीय भेलाबाट आएको प्राथमिकीकरणका आधारमा गाउकार्यपालीका बैठकबाट सिफारिस भई आएका योजनाहरु लाई गाउँ सभामा पेश गरिएको छ ।

राजस्वका दरहरुका सम्बधमा कर सेवा शुल्क तथा दस्तुरलाई २०७४ को प्रथम गाउँ सभाबाट पारित भएको दर र दायरामा केही हेरफेर गरी पारित गरिने नीति अबलम्बन गरिएको छ ।

**बर्षिक नीति,कार्यक्रम तथा बजेट तयार गर्दा लिइएका आधारहरु :**

- नेपालको संविधानको अनुसुचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नितिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेकोलक्ष्य नीती तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- संघीय सरकार एबं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु

- व्यापार तथा व्यवसायीहरुलाई करको दायरामा ल्याउनका लागि कर कार्यालयमा दर्ता प्रकियालाइ अबलम्बन गराईने छ ।
- ढुङगा,गिटी तथा बालुवाको व्यवसाय गर्ने व्यक्तिबाट कर लिईने छ ।
- मौवामा हल्दी र अदुवा खेतीलाई अघि बढाईने छ ।
- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाकाका सम्भाबित क्षेत्रमा बाख्रा पालन आँपखेती केराखेती, लिचीखेती कार्यकम सञ्चालन गर्न किसानलाई प्रोसाहित गरिनेछ ।
- आदर्श गाउँपालिका अन्तर्गत आवश्यक भएका ठाउँहरुमा पकेट क्षेत्र तोकिने छ।
- गाउँपालिकको वडा नं.६ अर्न्तगत गिरिचौका क्षेत्रमा वनस्पती घिउ तथा सिमेन्ट उधोगको सम्भाब्यता अध्ययन गरीनेछ ।
- सामुदायिक बनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि एक बन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ साथै अल्लो प्रशोधन, सिस्नो पाउडर उत्पादनगर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**(ख) सामाजिक बिकास** :सामाजिक बिकास चेतना, शिक्षा, समाबेशी बिकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आबस्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको बिकासका लागि एथोचित बजेट बिनियोजन गरी निम्नुसारका नीतिहरुलाई प्राथमिकता दिइनेछ ।

- बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यकम संचालन गरिनेछ । गाउँपालिकालाई बालश्रम निषेधित गाउँ बनाउन आबस्यक सबै प्रकृया अपनाइनेछ र बाल श्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीति अख्तियार गरिनेछ ।
- सम्भब भए सम्म सबै बस्तिलाई समेट्ने गरी प्रारम्भिक बालबिकास केन्द्रको स्थापना गरिने छ र भएका बालबिकास केन्द्रको गुणस्तर सुधारमा प्रोत्साहन गरिने छ ।
- गाउँपालीकाको निर्माण गरिने विकासको हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।
- जनतासंग जनप्रतिनिधि कार्यकम सञ्चालन गरिने छ ।
- कला, संस्कृतिक र साहित्यको जर्गेना गर्ने गरी भुवा, रनपुतला, गौरा, मालिका पूजा, रोपाइजात्रा, हुड्केली, पञ्चेबाजा,विभिन्न जात्रा जस्ता धार्मीक संस्कृतिक, कला र साहित्यिक कुराको जर्गेना गर्न कार्यकम बनाईने छ ।
- निजीक्षेत्रका सवारी साधनमा आवत जावत गर्ने जेष्ठ नागरिक, तथा अपांग ब्यक्ति, बिद्यार्थी, जनआन्दोलनका घाइते समेतलाई नियमानुसारको भाडामा २५ प्रतिशत रकम सहुलियत दिइने व्यवस्था मिलाइने छ ।

- व्यापार तथा व्यवसायीहरुलाई करको दायरामा ल्याउनका लागि कर कार्यालयमा दर्ता प्रकियालाइ अबलम्बन गराईने छ ।
- ढुङगा,गिटी तथा बालुवाको व्यवसाय गर्ने व्यक्तिबाट कर लिईने छ ।
- मौवामा हल्दी र अदुवा खेतीलाई अघि बढाईने छ ।
- यूवा बेरोजगारलाई काम गर्न गाउँपालिकाकाका सम्भाबित क्षेत्रमा बाख्रा पालन आँपखेती केराखेती, लिचीखेती कार्यकम सञ्चालन गर्न किसानलाई प्रोसाहित गरिनेछ ।
- आदर्श गाउँपालिका अन्तर्गत आवश्यक भएका ठाउँहरुमा पकेट क्षेत्र तोकिने छ।
- गाउँपालिकको वडा नं.६ अर्न्तगत गिरिचौका क्षेत्रमा वनस्पती घिउ तथा सिमेन्ट उधोगको सम्भाब्यता अध्ययन गरीनेछ ।
- सामुदायिक बनका सदस्यहरुमा उद्यमशिलता बिकास गर्नका लागि एक बन एक उत्पादन कार्यक्रम सञ्चालन गरिने छ साथै अल्लो प्रशोधन, सिस्नो पाउडर उत्पादनगर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

**(ख) सामाजिक बिकास :**सामाजिक बिकास चेतना, शिक्षा, समाबेशी बिकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आबस्यक कुरा भएको महसुस गरी उक्त क्षेत्रको बिकासका लागि एथोचित बजेट बिनियोजन गरी निम्नुसारका नीतिहरुलाई प्राथमिकता दिइनेछ ।

- बालमैत्री स्थानीय शासनलाई प्रभावकारी किसिमले लागु गर्न बालमैत्री सम्बन्धी कार्यकम संचालन गरिनेछ । गाउँपालिकालाई बालश्रम निषेधित गाउँ बनाउन आबस्यक सबै प्रकृया अपनाइनेछ र बाल श्रमिक कुनै पनि बहानामा राख्न नपाउने नीति अख्तियार गरिनेछ ।
- सम्भब भए सम्म सबै बस्तिलाई समेट्ने गरी प्रारम्भिक बालबिकास केन्द्रको स्थापना गरिने छ र भएका बालबिकास केन्द्रको गुणस्तर सुधारमा प्रोत्साहन गरिने छ ।
- गाउँपालीकाको निर्माण गरिने विकासको हरेक क्षेत्रमा बालमैत्री,अपाङ्गमैत्री संरचना निमार्ण गरिने छ ।
- जनतासंग जनप्रतिनिधि कार्यकम सञ्चालन गरिने छ ।
- कला, संस्कृतिक र साहित्यको जर्गेना गर्ने गरी भुवा, रनपुतला, गौरा, मालिका पूजा, रोपाइजात्रा, हुड्केली, पञ्चेबाजा,विभिन्न जात्रा जस्ता धार्मीक संस्कृतिक, कला र साहित्यिक कुराको जर्गेना गर्न कार्यकम बनाईने छ ।
- निजीक्षेत्रका सवारी साधनमा आवत जावत गर्ने जेष्ठ नागरिक, तथा अपांग ब्यक्ति, बिद्यार्थी, जनआन्दोलनका घाइते समेतलाई नियमानुसारको भाडामा २५ प्रतिशत रकम सहुलियत दिइने व्यवस्था मिलाइने छ ।

- बालश्रम न्युनिकरण गदै लगी यसलाई निर्मुल पार्न बालसञ्जाललाई सक्रिय बनाउदै बिभिन्न कार्यकमहरु संचालन गरिनुका साथै बालहित संरक्षण तथा बाल बिकासमा उनिहरुको पहुंच तथा सहभागिताको सुनिश्चतता गरिनेछ ।
- साक्षरता गाउँपालिका घोषणा गरिने कार्यलाइ प्राथमिकता दिईने छ ।
- युवा शसक्तिकरण कार्यकममा जोड दिइने छ ।
- जातिय विभेद,लैगिंक विभेद न्युनिकरण सम्बन्धि जनचेतना कार्यकम संचालन गरिने छ।
- सार्बजनिक तथा ातिसामुदायिक बिद्यालयको मर्मत सुधार ,फर्निचर तथा भौतीक बिकास सम्बन्धी कार्यकममा सहयोग पुऱ्याउदै यस्ता कार्यकम संचालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डलाई पुर्णरुपमा पालना गर्न उत्प्रेरित गरिनेछ ।
- पुर्ण खोपयुक्त गाउँपालिका घोषणा पश्चात यसको निरन्तरताका लागी जिल्ला स्वास्थ्य कार्यालय एबं जिल्ला अस्पताल र स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी संगको समन्वय बढाउने र यस क्षेत्रमा रहेको ६ ओटा सामुदायिक स्वास्थ्य केन्द्रलाई परिचालन गरी मातृशिशु स्वास्थ्य एबं सुनौला हजार दिनका आमा र शिशूको स्वास्थ्यलाई ध्यान दिइनेछ ।
- खेलकुद बिकासका लागी खेलकुद संग सम्बन्धित संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा गाउँपालिका स्तरीय खेलकुद प्रतीयोगीता संचालन गरिनेछ । साथै खेलकुद बिकास र कार्यकम संचालनका लागी गाउँपालिकाको केन्द्र बिन्दुमा युवाहरुलाई सृजनशीलता तर्फ उन्मुख गराउन दुर्व्यसन जन्य कुरालाई न्युनिकरण गर्न नेपाल सरकारका निकाय संगको समन्वय बढाउने र महिला हिंसा न्युनिकरण गर्न आबस्यक कार्य गरिनेछ ।
- यस गाउँपालीका क्षेत्रमा मदिरा जन्य पदार्थको बिक्रि बितरणलाई व्यवस्थित गर्न सम्बन्धित निकाय संग समन्वय गरी सार्बजनिक स्थलबाट तोकिएको दुरी र समयमा मात्र बेचबिखन गर्न पाउने ब्यबस्थालाई कडाइका साथ लागु गर्न आबस्यक कार्य गरिनेछ ।
- आयूर्बेदको प्रभाबकारी सेवा प्रवाह गर्न जडिबुटि पहिचान कार्यकम प्राकृतिक चिकित्सा पद्धती लगायत आयूर्बेद औषधी प्रदान कार्यकमलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालीकाका बिपन्न जनताको स्वास्थ्य सेवामा गुणस्तर बृद्धि गर्न बिशेषज्ञ स्वास्थ्य शिबिर संचालन गरिनेछ ।
- योग गरौ स्वास्थ्य बनौ भन्ने नाराका साथमा घरघरमा योग पुऱ्याउने कार्यकमको शुरुवात गर्ने र उक्त कार्य संचालन गर्ने सम्बन्धीत पक्षलाई आबश्यक सहयोग गरिनेछ।
- गाउँपालिका क्षेत्रमा स्वास्थ्य केन्द्रलाई क्रमिकरुपमा स्तरोन्नति गर्दै सबै वडामा बर्थिङ. सेन्टर स्थापना र सञ्चालन गरिनेछ ।

- बिपन्न पछाडी पारीएका ब्यक्तिहरुका लागी आय आर्जन सम्बन्धी सीपमुलक कार्यकम -(हाते होजीयारी) उद्यमशीलता बिकास गर्ने कार्यक्रम सहित एक वडा एक उद्यमशीलता दूग्ध उत्पादन, तरकारी फलफुल र नगदेबाली पकेट क्षेत्र कार्यक्रमसंचालन गरीने छ ।
- महिलाबर्गलाई हरेक क्षेत्रमा सहभागीताका लागी विभिन्न सशक्तिकरण कार्यकमहरु सञ्चालन गरिनेछ ।
- पशुहरुमा कृत्रिम गर्भधान प्रकियालाई अगाडि बढाईने छ ।
- पशु विमा कार्यकम सञ्चालन गरिने छ ।
- गाउँमा भएका हुडके,पंचेबाजा,दमाहा तथा अन्य संस्कृतीलाई संरक्षण गरिने छ ।
- गाउँपालिका अन्तर्गत रहेका सुस्त मनस्थितिका लागि आवश्यक योजना तय गरिने छ ।
- गाउँपालिकाको केन्द्र बिन्दूमा वेसहारा वृद्धहरुको लागि बृद्धाश्रमको स्थापना गरिने छ ।
- गाउँपालिका भित्र प्राविधिक शिक्षालयको अवधारणलाई अघि बढाईने छ ।
- गाउँपालिकाको केन्द्रविन्दू नगरदहको बिचमा शिवालय स्थापना गरिने छ ।
- गाउँपालिका क्षेत्रमा रहेका बिपन्न एकल महिलाहरुका लागी गाउँपालिका स्तरीय सीप तथा क्षमता एबं आर्थीक बिकासका कार्यकम सञ्चालन गरी उनीहरुको आर्थिक एबं सामाजिक बिकासमा ध्यान दिईने छ ।
- गाउँपालिका क्षेत्रका केही स्थानहरुमा अझै पनि छाउपडि गोठ अस्तित्वमा रही महिलाको उपेक्षा भइ रहेकोले सामाजिक चेतना र परिचालनका माध्यमबाट त्यस्तो कुरितीलाई हटाउन हर सम्भव प्रयास गरिनेछ ।
- सामाजिक परिचालनका माध्यमबाट गरीबी न्युनीकरणका लागी कार्यकम संचालन गर्दै सरकारी तथा गैरसरकारी संघसंस्थाहरु बीच कार्यकम संचालनमा समन्वय,सहकार्य गरिनेछ साथै गरीबी निवारण कोषबाट समुदायमा लगानी गर्ने संस्थाहरु संग समन्वय बढाइनेछ ।
- यस गाउँपालिकालाई आगामी ५ बर्ष भित्रमा कुपोषण मूक्त गरी पोषण यूक्त गाउँ बनाउन स्वास्थ्य,शिक्षा,कृषि,पशुसेवा,खानेपानी तथा सरसफाई महिला तथा बालबालीका र संस्थागत सुशासनको क्षेत्रमा बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथमीकता दिई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु,गिरिचौकाको तेडी मन्दिर,काँडीको दशै पर्व,देहिमाण्डौको जाँत,पाइलको दुर्गा जात वडा नं. २ को गुफाको संरक्षण,वडा नं ५ को मष्टा देवताको जाँत,वडा नं २ को नवादेव देवताको मौवाको जाँत,वडा नं ६ को गिरिचौका मष्टादेवता (६४ पाटाको भोग लिने देवता) गिरिचौकाको शिवगुफा,वडा नं ७ को गजलागिरी गुफा,वडा नं ४ को निङलासैनी,जात,तोलापानी जाँत,गरिचौकाको खतेडाको दशै,वडा नं घ को आडको जाँत वडा नं ७ को दहदडिमानाको दशै पर्व र तेडी छडकी जाँत,वडा नं टको खतेडाको भुवा

पर्वर विसौ पर्व,वडा नं ३ को तेडीमाणु जाँत,महादेव मन्दिरमा तिज कार्यकमको बिकासमा जोड दिईनेछ ।

- गाउँपालिकामा रहेका प्रतिभाहरुको खोज कार्यकमलाई अघि बढाइने छ ।
- गाउँपालिकालाई साक्षरता गराउनका लागी सबै वडामा विशेष कार्यकम सञ्चालनगरिने छ ।
- शिक्षा क्षेत्रमा सुधार गर्नको लागि शैक्षिक प्रदर्शनी मेला,अन्तर विधालय शैक्षिक भ्रमण तथा सृजनात्मक एंव अभिव्यक्तशिल कला कार्यकम सञ्चालन गरिने छ ।
- अनिवार्य बिद्यालय भर्ना अभियान एबं व्यक्तिगत घटना दर्ता कार्यकमलाई वडा एबं गाउँमा अभियानको रुपमा संचालन गरिनेछ ।
- एचआइ भि एड्स सम्बन्धि चेतनामूलक कार्यकम सञ्चालन गरिने छ ।
- समाजमा रहेका कुरिती छाउपडी,बालविवाह, छुवाछुत, घरेलुहिंसा, बालदुर्व्यबहार जस्ता कुरालाई निरुत्साहित गर्ने कार्यकम संचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेको बिद्यार्थी संख्या न्युन रहेको बिद्यालयहरुलाइ आबश्यकता अनुसार समायोजन गरी बिद्यालयको संख्या घटाई गुणस्तरीय शिक्षा प्रबर्द्धन गर्न अंग्रेजी माध्यमको पढाई हुने कार्यलाई प्राथमीकता दिई बिद्यालयको गुणस्तर सुधार गरिनेछ ।

**(ग)पुर्वाधार बिकास** :गाउपालिकाका प्रमुख पूर्बाधार बिकासका लागि आबस्यकता अनुरुप बजेट बिनियोजन गरिनेछ । चालु आ.ब. का अधूरा आयोजनाको निरन्तरता र नयां आबस्यक पुर्बाधार निर्माणलाई प्राथमिकता दिइने छ ।

- :गाउपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी आवश्यक समपुरक कोष मर्मत सम्भार कोष सहित पुर्बाधारको स्तर बृद्धिका लागि बजेटको व्यवस्था गरीनेछ र बनीसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिनेछ ।
- बिषेश गरी दिपायल देखि मौवा क्षेत्रमा सडक निमार्ण गर्दा दायां बायां पक्की नाली सहितको सडकको स्तरोन्नती निमार्ण गरिनेकार्यलाई प्राथमीकता दिइने छ।
- आ. व २०७४।०७५ मा सम्झौता भई कार्यान्वयन रहेका योजनाहरुलाई उच्च प्राथमिकता दिइर्ने छ।
- यातायात गुरुयोजना तयार पारी सोको आधारमा सडक योजना तयार एवं कार्यान्वयन गरिनेछ
- भुकुम्प प्रतिरोधात्मक घर निर्माणका लागि सिपमुलक तालिमको व्यवस्था गरिने छ
- पूण सरसफाइ कार्यकमलाई सफल पार्नको लागि होइर्डिङ बोर्ड,डम्पिङ साइड तथा चेतनामुलक कार्यकम लागु गरिने छ ।
- सडक हेरालाको व्यवस्था गरि सडकलाइ नियमित व्यवस्थित गराइने छ ।
- वन जंगल अतिकमण गरेका घरलाई नापीबाट जाँच गराइ व्यवस्थित गराइने छ ।

- गाउँपालिकाको योजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre-projectर post project photoको निति अबलम्बन गरीनेछ ।
- गाउँपालीकाको भवन तथा जग्गा निर्माण कार्य अविलम्ब अगाडि बढाइने छ र वडा कार्यलय भवन नभएका वडाहरुमा क्रमशः भवन निर्माण गर्ने गरी वडा कार्यालयको निर्माण कार्यलाई पनि अगाडि बढाइनेछ ।
- वडा नं. २ को कुचेडाको सामुदायिक बनको माथिल्लो क्षेत्रमा पर्ने कफरतोलामा प्रेम स्मृती पार्क निर्माण तथा भुण र दोबाजमा प्रेम स्मृती प्रवेशद्धार निमार्ण गरिनेछ ।
- गाउँपालिकामा आबश्यक रहेको खानेपानीको आपुर्तीलाई सहज बनाउन मौवा गाउँमा रहेको खानेपानी योजनालाई सञ्चालन गर्नका लागी आबश्यक पहल गरिनेछ । पानी नभएका बस्तिमा खानेपानी एवं सरसफाईको लागी अन्य सरोकारवाला निकायहरुसंगको सहकार्यहरुलाई पनि जोड दिइने छ,।
- गाउँपालिका भित्रका बिजुली बत्ति र सडक नपुगेका गाउं बस्तिलाई उच्च प्राथमिकता दिइने छ ।
- बिषेशत ठूला पूर्बाधार तर्फ प्रदेश सरकारबाट आउने बजेटलाई लक्षित गरिनेछ ।

**अ. घर नक्सा पास :**

- गाउँपालीकामा सरकारी,गैरसरकारी,तथा नीजी घर,भवन ,निर्माण गर्दा नक्सा पास गर्ने प्रणालीलाई अवलम्बन गरिने छ ।
- नयाँ बन्ने घर तथा भवनहरुमा बर्षातको पानी संकलन (Rain Water Harvesting) गर्ने कार्य गरी सरसफाई को लागि प्राथमिकता दिने नीति अबलम्बन गरीने छ साथै सौर्य उर्जा प्रबिधि जडान गर्न का लागी प्रोत्साहन गरिनेछ ।
- निर्माणको कममा रहेको वा अब नयां बन्ने भवनहरुलाई **"एकघर बहु बिरुवा"**को निति अबलम्बन गरिनेछ ।
- गाउँपालीकाको क्षेत्रभित्र अब बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्ग मैत्री बनाउनका प्रोत्साहन गरिनेछ ।
- घर नक्सा पास प्रकृयालाई लागु गरिनेछ ।
- घना बस्ति भएका क्षेत्रमा ढल निकासको उचित ब्यबस्थापनमा ध्यान दिइनेछ ।
- एक नेपाली एक फलफूलको विरुवा रोप्ने अभियानलाई अगाडि बढाइने छ ।

**(घ)वाताबरण तथा विपद व्यवस्थापन** :यसै बर्ष देखि बिपत ब्यबस्थापनका लागि आबस्यक समिति र कोष एबं सामग्री ब्यबस्था गरिएको छ । बिपद ब्यबस्थापनका लागि थप आबश्यक

कार्य समेत गरिनेछ उक्त कार्य गर्न निम्न नीति अख्तियार गरी आगामी आ.ब.का आबश्यकता अनुरुप बजेट बिनियोजन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायां बायां हरियाली एवं सौन्दर्य बढाउन बृक्षारोपण एवं संरक्षण गर्दै लगिनेछ ।
- घरबाट निस्केको जैविक फोहरबाट जैबीक मल उत्पादन गर्न र नसडेने फोहरको व्यवस्थापनका लागी आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रलाई खुला दिशा मुक्त गरिसकेको र गाउँपालिकाका अधिकांस घरमा पूर्ण सरसफाई प्रबद्धर्न गर्नका लागी सरसफाई कार्ड बितरण गरी पुर्ण सरसफाई अभियानलाई निरन्तरता दिईनेछ ।
- गाउँपालीकालाई पुर्ण सरसफाई युक्त र बिद्यालयलाई नमुना सरसफाई को बिद्यालय कायम गरी बाताबरण मैत्री सफा शहर बनाउन Post ODFअर्न्तगतका आबश्यक कार्यक्रम संचालन गरिनेछ । साथै मुख्य क्षेत्र लगायतका बिभिन्न स्थाहरुमा सार्बजनिक शौचालय निमार्णमा जोड दिइ हरियाली बृद्धि गर्न जोड दिइनेछ ।
- दैबी प्रकोपबाट प्रभाबित व्यक्तिहरूलाई सहयोगका लागी गाउँपालिकामामा रहेको दैबि प्रकोप उद्धार कोषमा रकमको बढोत्तरी गरी कोषको परिचालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रको बजार क्षेत्रमा रहेका घर, पसल, होटल अगाडि जथाभाबि फोहर फाल्नेलाई फोहर ब्यबस्थापनको लागि जानकारी गरिनेछ र अटेर गरी जथाभाबि फोहर गर्ने लाई फोहरमैला ब्यबस्थापन ऐन बमोजिम कार्बाही अगाडि बढाइने छ ।
- सडक अतिकमण गरी निर्माण गरेका घर,टहराहरु हटाउनका लागी सडक सिमानाको पुर्नर्धािरण गरी हटाउने कार्यलाई प्राथमीकताका साथ अगाडी बढाइनेछ ।

(ङ) **संस्थागत बिकास तथा सेवा प्रवाह र सुशासन:**गाउँकार्यपालिका कार्यालयका कर्मचारी, जनप्रतिनिधी, नागरिक समाज, बिकास साझेदार, गैरसरकारी संस्थाहरु, संगको सहकार्य र समन्वयमा जोड दिइनेछ । उक्त कार्य सञ्चालनको लागि आबस्यक रकमबिनियोजन गरीने छ साथै उक्त कार्य गर्न निम्न नीति र कार्यक्रम अख्तियार गरिएको छ ।

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सवल बनाउन वडा तह सम्म योजना तर्जूमा सम्बन्धी क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरीनेछ ।
- योजनाको कार्यान्वयन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनको लागी उपभोक्ता समितिका पदाधिकारीलाई योजना कार्यान्वयन पूर्व नै आबश्यक तालीम प्रदान गरिनेछ ,
- बिभिन्न लक्षित बर्गहरुको क्षमतामा अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभाबकारी बनाउन गाउँपालीका कार्यलय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न गराईनेछ ,

- व्यवसायकर असुली गरी आन्तरीक आय बढाउनका लागी पहल गरीने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्रलाई उज्यालो बनाउन बैकल्पिक उर्जाको प्रयोग अन्तर्गत वडा तथा बस्तिमा सोलार बत्तिको कार्यकमलाई क्रमश : बिस्तार गरिनेछ ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यकमलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाका बिपन्न एबं दलित बस्तिमा जग्गाको अभाव भइ शौचालय निर्माण गर्न नसकेका बस्तिमा जमिनको आबस्यक ब्यबस्थाका लागि सरोकारवाला निकाय एबं ब्यक्ति संग समन्वय गरी सार्बजनिक शौचालयको ब्यबस्था गरिनेछ ।
- शारीरिक मानसिक रुपले स्वास्थ्य गाउँवासी तयार गरी सद्भाबयूक्त समाज निमार्ण गर्न पतञ्जली योग समिति , ओम शान्ती जस्ता संस्थाहरुलाई बजेट तथा कार्यकम अर्न्तगत समाबेश गरी सभ्य समाज निर्माणमा आवश्यक कार्य प्रारम्भ गरिनेछ ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अती बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।
- एचआइभी संक्रमित ब्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

**२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः**

यस गाउँपालिकाको लागि मुख्य आयोजनाहरुमा दिपायल मौवा सडक, मौवा तलारा हुदै बैतडी जोड्ने सडक,मौवा मेल्लेक सायल सडक, दहकालिका–गिरिचोका सडक तथा झोलुङ्गेपुल योजनालाई प्राथमिकता दिईने छ भने अन्य कार्यक्रम एबं क्रियालकलाप तर्फ बालमैत्री स्थानीय शासन, बाल संरक्षण कार्यक्रम, महिला बिकास कार्यक्रम, कृषि तथा पशू बिकास कार्यक्रम, बहूक्षेत्रीय पोषण, पूर्ण सरसफाई कार्यक्रम एबं गुरु योजना आदि रहेका छन् । यी सबै क्रियाकलापहरुलाई आगामी आ.ब.मा बिशेष प्राथमिकता दिई अगाडि बढाइनेछ ।

**आदरणीय सभाध्यक्षज्यु ,**

अब म यस गाउँपालिकाको आगामी आ.ब.को अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन बिषयमा जानकारी दिन चाहान्छु ।

**२.३. अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन**

यस आदर्श गाउँपालीकामा प्राप्त भएको निकासा दातृ निकाय एवं संस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस गाउँपालीकाबाट प्राप्त चालु आ.ब को लागी निम्नानुसारको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- व्यवसायकर असुली गरी आन्तरीक आय बढाउनका लागी पहल गरीने छ । साथै करको प्रतिफल करदाताले पाउने व्यवस्था अबलम्बन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्रलाई उज्यालो बनाउन बैकल्पिक उर्जाको प्रयोग अन्तर्गत वडा तथा बस्तिमा सोलार बत्तिको कार्यकमलाई क्रमश : बिस्तार गरिनेछ ।
- बिपन्न समुदायको आर्थिक बिकास हुने खालका कार्यकमलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाका बिपन्न एबं दलित बस्तिमा जग्गाको अभाव भइ शौचालय निर्माण गर्न नसकेका बस्तिमा जमिनको आबस्यक ब्यबस्थाका लागि सरोकारवाला निकाय एबं ब्यक्ति संग समन्वय गरी सार्बजनिक शौचालयको ब्यबस्था गरिनेछ ।
- शारीरिक मानसिक रुपले स्वास्थ्य गाउँवासी तयार गरी सद्भाबयूक्त समाज निमार्ण गर्न पतञ्जली योग समिति , ओम शान्ती जस्ता संस्थाहरुलाई बजेट तथा कार्यकम अर्न्तगत समाबेश गरी सभ्य समाज निर्माणमा आवश्यक कार्य प्रारम्भ गरिनेछ ।
- गाउँपालिकाका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य शिबिर मार्फत स्वास्थ्य उपचार गर्ने र पारिवारीक व्यवहार सुधार सम्बन्धी क्रियाकलाप एबं जेष्ठ नागरिक सम्मान गर्ने क्रियाकलापलाई निरन्तरता दिइनेछ साथै बिपन्न एकल महिला अती बिपन्न परिबारहरुलाई आयआर्जनका क्रियाकलापमा सहभागि गराईनेछ ।
- एचआइभी संक्रमित ब्यक्तिको लागि निजहरुलाई आयआर्जन र स्वास्थ्य उपचार सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

**२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः**

यस गाउँपालिकाको लागि मुख्य आयोजनाहरुमा दिपायल मौवा सडक, मौवा तलारा हुदै बैतडी जोड्ने सडक,मौवा मेल्लेक सायल सडक, दहकालिका–गिरिचोका सडक तथा झोलुङ्गेपुल योजनालाई प्राथमिकता दिईने छ भने अन्य कार्यक्रम एबं क्रियालकलाप तर्फ बालमैत्री स्थानीय शासन, बाल संरक्षण कार्यक्रम, महिला बिकास कार्यक्रम, कृषि तथा पशू बिकास कार्यक्रम, बहूक्षेत्रीय पोषण, पूर्ण सरसफाई कार्यक्रम एबं गुरु योजना आदि रहेका छन् । यी सबै क्रियाकलापहरुलाई आगामी आ.ब.मा बिशेष प्राथमिकता दिई अगाडि बढाइनेछ ।

**आदरणीय सभाध्यक्षज्यु ,**

अब म यस गाउँपालिकाको आगामी आ.ब.को अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन बिषयमा जानकारी दिन चाहान्छु ।

**२.३. अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन**

यस आदर्श गाउँपालीकामा प्राप्त भएको निकासा दातृ निकाय एवं संस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस गाउँपालीकाबाट प्राप्त चालु आ.ब को लागी निम्नानुसारको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस आदर्श गाउँपालीकाको आर्थिक बर्ष २०७५।०७६ का लागी कुल आय रु.३१ करोड, ७९ लाख, ९७ हजार रहेकोछ ।

| आय तर्फ | | | |
|---|---|---|---|
| क.सं. | शिर्षक | स्रोत | रकम रु. |
| १ | समानिकरण अनुदान | संघ | ८,५०,७१००० |
| २ | समानीकरण अनुदान | प्रदेश | ६७,७३००० |
| ३ | राजश्व बांडफाँड | संघ | ६,९२,८४००० |
| ४ | राजश्व बांडफाँड | प्रदेश | २०,६९००० |
| ५ | आन्तरिक आम्दानी | | १०,००००० |
| ६ | राजश्व बाँडफांड | मालपोत | ५००००० |
| ७ | सामाजिक सुरक्षा भत्ता | संघ | ५००००००० |
| ८ | बहुक्षेत्रीय पोषण | युनिसेफ | २०००००० |
| ९ | शसर्त अनुदान | संघ | १०,१३००००० |
| | | | **३१७९९७०००** |

| ब्यय तर्फ | | |
|---|---|---|
| आन्तरिक आय तर्फ | १. पादाधिकारी पारिश्रमिक लगायत अन्य प्रशासनिक खर्च | ६५००००० |
| | २. सामाजिक सुरक्षा भत्ता तर्फ | ५००००००० |
| | ३. बहुक्षेत्रीय पोषण तर्फ | २०००००० |
| | ४. बिषयगत शसर्त अनुदान तर्फ | १०,१३००००० |
| राजश्व बाँडफाड तर्फ | ५.कर्मचारी तलब भत्ता लगायतका कार्यालय सञ्चालन सम्बन्धी चालु खर्च | ३५०००००० |
| | बिषयगत शाखा तर्फ | १४०९७००० |
| | समपुरक कोष | १५००००० |
| | कार्यक्रम तथा प्रर्बद्धनात्क क्रियाकलापहरु | ४१०००००० |
| बित्तिय समानीकरण संघ र प्रदेश | गाउँस्तरीय एबं वडास्तरीय लगायत आयोजना कार्यक्रम तथा पुँजीगत खर्च तर्फ | ६६६००००० |
| **कुल जम्मा** | | ३१७९९७००० |

२.५. उपसंहारः

**आदरणीय उपस्थित महिला तथा सज्जनबृन्द !**

बजेट तथा कार्यकम तर्जूमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने गाउँकार्यपालीका सदस्य ज्यूहरु,बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई बिशेष धन्यवाद दिन चाहन्छु । अमुल्य समय दिई पाल्नुहुने श्रद्धेय प्रमुख अतिथी प्रती हार्दिक आभार व्यक्त गर्न चाहन्छु ,साथै यस गाउँ सभा सम्पन्न गर्न सहयोग गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने गाउँपालीकाका कर्मचारीलाई धन्यबाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिज्युहरु एवं हामीलाई रचनात्मक सुझाब र सल्लाह दिनहुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रती हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाईस्विकारगरी पाल्नु भएका बिशिष्ट अतिथिज्युहरु, राजनैतीक दलका प्रमुखज्युहरु, सम्पुर्ण सुरक्षा निकायका प्रमुखज्युहरु, पत्रकारज्युहरु सरकारी, निजी र गैरसरकारी क्षेत्रका सहभागीहरु गाउँका लब्धप्रतिष्ठित, बिकासप्रेमी महानुभावहरु, लगायत गाउँबासिहरु प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटकाकार्यन्वयन को निम्ति यहांहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शको रुपमा लिएर गाउँपालीका अगाडि बढ्ने विश्वास दिलाउदै यस तेश्रो गरीमामय गाउँसभाको सफलताको शुभकामना सहित यहांहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गर्दै बिदा चाहान्छु ।

**धन्यवाद !**

कमला ओझा

उपाध्यक्ष

आदर्श गाउँपालिका

डोटी